कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# पियोर इनर्जी लिमिटेड
# Pure Energy Limited

रजिष्टर्ड कार्यालय : काठमाडौं जिल्ला, का.म.न.पा., वडा.नं.१३, सोल्टीमोड, छिन्नलता चोक, फोन नं.: ०१-५६७१२००/२०१
इमेल: info@pureenergynepal.com वेवसाइट: www.pureenergynepal.com

को

## आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

पियोर इनर्जी लिमिटेडले आफ्नो जारी पूँजी रु.८०,००,००,०००/- (अक्षरेपी असी करोड मात्र) मध्ये २% अर्थात रु.१,६०,००,०००/- (अक्षरेपी एक करोड साठी लाख) रकम बराबरको रु.१००/- अंकित दरको १,६०,००० (एक लाख साठी हजार) कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात बाँके जिल्लाका स्थानीय बासिन्दाहरुको लागि र जारी पूँजीको १८% अर्थात १४,४०,००० किता साधारण शेयरको १०% अर्थात १,४४,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुको लागि **आज मिति २०८१ फाल्गुण २० गतेदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि: | |
|---|---|
| दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या | : १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्या | : १६,००० कित्ता |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि: | |
|---|---|
| दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या | : १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्या | : ७,२०० कित्ता |

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको**

| क्र.सं. | विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं र वेवसाइट : www.nabilinvest.com.np |
| २. | पियोर इनर्जी लि. का.म.न.पा. वडा नं.१३, काठमाडौं र वेवसाइट : www.pureenergynepal.com |
| ३. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा बिक्री प्रबन्धक, निष्काशनकर्ता कम्पनीको साथै नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ |

## आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम प्राप्त गर्न र बुझाउन सकिने व्यवस्था गरिएको छ ।

| क्र.सं. | संकलन केन्द्रको नाम |
|---|---|
| १. | सौर्य विद्युत उत्पादन केन्द्र, बाँके जिल्लाको खजुरा गाउँपालिका, वडा. नं. ८ |
| २. | नबिल बैंक लि. का शाखाहरु कोहलपुर र नेपालगञ्ज |
| ३. | लक्ष्मी सनराईज बैंक लि. का शाखाहरु कोहलपुर र नेपालगञ्ज |
| ४. | सिद्धार्थ बैंक लि. का शाखाहरु खजुरा, न्युरोड नेपालगञ्ज र वि.पि.चोक |
| ५. | कुमारी बैंक लि. का शाखाहरु चिसापानी, खजुरा, कोहलपुर, सुर्खेत रोड नेपालगञ्ज र रिमझिम बजार |

भौगोलिक जटिलता, मौसमी प्रतिकुलता, प्रकृतिक प्रकोप जस्ता कारणबाट विस्थापित हुने अवस्था सृजना भएका वा पेशा व्यवसायका कारण वा अन्य कुनै कारणबाट परियोजना प्रभावित क्षेत्रको संकलन केन्द्रमा मात्र दरखास्त दिन सहज नहुने विशेष परिस्थितिमा नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई सिमित अवधिका लागि अन्य स्थानमा आवश्यकता अनुसार संकलन केन्द्र तोक्न वा थप गर्न सकिनेछ।

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत प्रति दरखास्त आवेदन फाराम रु.२/- (अक्षरेपी दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ।

## वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु:

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर **"मेरो शेयर"** अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि साधारण शेयरको बिक्री खुल्ला अवधि: | |
|---|---|
| निष्काशन खुल्ला हुने मिति | : २०८१/११/२० गतेदेखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०८१/१२/०५ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | : २०८१/१२/२० गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधि: | |
|---|---|
| निष्काशन खुल्ला हुने मिति | : २०८१/११/२० गतेदेखि |
| निष्काशन बन्द हुने मिति | : २०८१/१२/०५ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

**संस्थापक तथा संचालकहरुले यस निष्काशनमा आवेदन दिन पाईने छैन ।**

**कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक | | | पौष मसान्त | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७८/७९ | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.२०८१/८२* | आ.व.०८१/८२ | आ.व.०८२/८३ | आ.व.०८३/८४ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९८.६० | ९९.२७ | ९६.४५ | ९६.८२ | १०१.४३ | ११०.६४ | १२०.४९ |
| प्रति शेयर आम्दानी (रु.) | (०.३५) | (०.३९) | (२.७५) | ०.३८ | ५.२६ | ९.२१ | ९.८६ |
| संचित नाफा/नोक्सान (रु.) | (१९,०६,७९२.६३) | (४१,३७,२६२.३३) | (२,२६,९४,६९६.४४) | (२,०३,४६,३३६.२०) | १,१४,०८,४१४.७५ | ८,५०,८५,६३६.२६ | १६,३९,५५,४०४.६० |

* लेखापरिक्षकबाट प्रमाणित पौष मसान्तको अपरिष्कृत वित्तिय विवरण।

| आयोजनाको नाम | उत्पादन क्षमता | कुल लागत रकम करोडमा (रु.)* | प्रति मेगावाट लागत रकम करोडमा (रु.) | विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति (वि.सं.) | अनुमति बहाल रहने मिति | विद्युत उत्पादन अनुमतिको बाँकी अवधी | साधारण लगानी फिर्ता हुने अवधी | डिस्काउन्टमा लगानी फिर्ता हुने अवधी |
|---|---|---|---|---|---|---|---|---|
| सौय पि.भि. विद्युत आयोजना ब्लक-१ | (१० मे.वा.) | १२५.४७ | १२.५५ | २०७७/०९/०२ | २१०२/०९/०१ | २० वर्ष ११ महिना | ८.१२ वर्ष | १२.४२ वर्ष |
| सौर्य पि.भि. विद्युत आयोजना ब्लक-२ | (१० मे.वा.) | ११७.०६ | ११.७१ | २०७७/०८/२९ | २१०२/०८/२८ | २० वर्ष ११ महिना | | |

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

**स्वीकृत विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्स नेपाल लिमिटेड (Care Ratings Nepal Ltd), काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८१/०५/१३ गते "CARE-NP BB+ (Is) (Double B Plus [Issuer])" प्रमाणपत्र प्राप्त गरेको छ। उक्त क्रेडिट रेटिङ्गले "Issuers with this rating are considered to offer moderate risk of default regarding timely servicing of financial obligations in Nepal." भन्ने जनाउँछ। केयर रेटिङ्ग नेपाल लिमिटेडले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा "CARE-NP AAA (Is)" ले बलियो आधार जनाउँछ भने "CARE-NP D (Is)" ले कमजोर आधार जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने +(जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ।**

**क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०८१/०५/१३** **क्रेडिट रेटिङ्ग बहाल रहने मिति : २०८२/०४/२०**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८१ फाल्गुण ९ गतेको "आर्थिक अभियान"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट nabilinvest.com.np, निष्काशनकर्ता कम्पनीको वेवसाइट www.pureenergynepal.com अथवा नेपाल धितोपत्र बोडको वेबसाइटः www.sebon.gov.np मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं।

**नोटः स्थानीय बासिन्दाहरुलाई बाँडफाँडमा परेका शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन (३) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।**

**निष्काशन तथा बिक्री प्रबन्धक:**

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)

**नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड**
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं
फोनः ४५११६०४, ४५११७३३
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np

मिति २०८१/११/२० गतेको........दैनिकमा प्रकाशित गर्ने